कीर्तिपुरको चित्रण
काठमाडौं जि. प्र. का दर्ता नं.२११-२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY
साप्ताहिक
वर्ष ७ अंक २६ (संयुक्तांक ३३०) ने.सं. ११३८ सिल्लाथ्व सप्तमी बुधवाः २०७४ माघ १० गते बुधवार (Jan24, 2017)
मूल्य रु.१०/- पृष्ठ १६

चाँडै
आउँदैछौं
भत्केपाटीमा



मोबिल्याण्ड ईलेक्ट्रोनिक प्रा.लि.

# नेपाल राष्ट्रिय ज्ञानमाला समितिको नवौं सम्मेलन सम्पन्न




**–बुद्ध महर्जन–**

नेपाल राष्ट्रिय ज्ञानमाला समितिको आयोजना र चारुमती बुद्ध विहार चाबहिलको ब्यवस्थापनमा गत पौष २७, २८ र २९ गते तीन दिनसम्म विभिन्न कार्यक्रमका साथ नेपाल राष्ट्रिय ज्ञानमाला समितीको नवौं सम्मेलन भब्यताकासाथ सम्पन्न भयो।

भगवान गौतम बुद्धले दिनुभएको शिक्षामा आधारित ज्ञानका मालाहरुलाई गाउने विभिन्न जिल्लाका ४६ वटा ज्ञानमाला भजन खल: तथा संघका २०० भन्दा बढी प्रतिनिधीहरुले भाग लिएका थिए। "बुद्ध धर्मको विकास, ज्ञानमालाको निकास" भन्ने मूल उद्‌गारका साथ सुरु भएको नवौं सम्मेलनको पहिलो दिन पौष २७ गते विभिन्न ज्ञानमाला भजन खल: संघका हजारौं उपासक र उपासिकाहरुले चावहील क्षेत्रको नगर परिक्रमा गरेका थिए। नगर परिक्रमा पछि अध्यक्ष श्री किरण कुमार जोशीको सभापतीत्वमा र श्रद्धेय भिक्षु धम्म शोभन महास्थविरज्यूको प्रमुख आतिथ्यमा उद्‌घाटन समारोह शुरु भएको थियो। उक्त कार्यक्रममा श्रीलंकाका महामहिम राजदूत डब्लु.एस.पेरारायागु, प्रदेश सभा सदस्य मा. नरोत्तम बैद्य, काठमाडौं महानगरपालिकाका उपमेयर, हरि प्रभा खड्‌गी, काठमाडौं महानगर पालिका वडा ७ का अध्यक्ष शुद्धकुमार डंगोल लगायतका अतिथिहरुको उपस्थितीमा उद्‌घाटन समारोह सम्पन्न भएको थियो। चाबहिल स्थित ऐतिहासिक धन्दो चैत्यको प्राङ्गणमा शुरु भएको उद्‌घाटन समारोहमा स्वागत मन्तब्य व्यवस्थापन समितिका सदस्य श्रीमती अनूप सिं डंगोलले गर्नु भएको थियो। उक्त समारोहमा नेपाल राष्ट्रिय ज्ञानमाला समितिका संरक्षक प्रा. सुवर्ण शाक्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नु भयो। ब्यवस्थापन समितिका अध्यक्ष श्रद्धेय भिक्षु तपस्सी धम्मज्यूबाट धर्मदेशना सहित मन्तब्य दिनु भएको थियो। नेपाल राष्ट्रिय ज्ञानमाला समितिका महासचिव शान्तकुमार चित्रकारज्यूले प्रतिवेदन प्रस्तुत गर्नुभयो। व्यवस्थापन समितिका सचिव परमानन्द शाक्यले धन्यवाद ज्ञापन गर्नुभयो। त्यस्तै गरी सोही समारोहमा पश्चिमाञ्चल विकास क्षेत्र ज्ञानमाला सम्मान पुरस्कार वितरण पनि गरिएको थियो। प्रमुख अतिथी भिक्षु धम्मसोभन महास्थवीरज्यूले सम्मानीत व्यक्तित्वहरु श्याम शाक्य, ज्ञानमाला संघ धर्मशीला बुद्ध विहार, पोखरा कास्की। ब्रम्हशेखर बज्राचार्य, ज्ञानमालासंघ आनन्द विहार, तानसेन पाल्पा। श्रीमती पूर्णलक्ष्मी उदय, बुटवल रुपन्देही। गणेशकुमार शाक्य बुटवल रुपन्देही र कृष्णप्रसाद शाक्य, बौद्ध युवा ज्ञानमाला संघ पद्‌म चैत्य विहार बुटवल, रुपन्देहीलाई पदक तथा सम्मानपत्रद्वारा सम्मानीत गरिएको थियो। उक्त दिन साँझ दिपयात्रा पनि संचालन गरिएको थियो। सम्मेलनको दोश्रो दिन पौष २८ गते विहान बुद्ध पूजा, शील प्रार्थना, धर्मदेशना र ज्ञानमाला भजनबाट शुरु गरिएको थियो। दिउँसो शुरु भएको गोष्ठीमा डा. रिना तुलाधरले "ज्ञानमाला भजन एक विवेचना" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। उक्त कार्यपत्र माथि श्रद्धेय भिक्षु कोडण्यबाट टिप्पणी गर्नु भएको थियो। वहाँले १९९४ सालको विषम परिस्थितिमा शुरु भएको ज्ञानमाला भजनको उद्‌गम स्वयम्भू स्थित स्वयम्भू ज्ञानमाला भजन खल:बाट भएको र उक्त समयमा ज्ञानमालाको रचना गर्दा ज्ञानमाला रचनाकारको नाम यो, क, प्र, म जस्ता गुप्त नाम राख्नु पर्ने विवसता रहेको बताउनु भयो। ज्ञानमाला समाजमा क्रान्तिकारी र आमूल परिवर्तनको सम्बाहकका रुपमा अगाडी बढेको र समयानुकुल ज्ञानमाला भजनको रचना, संगीतमा परिमार्जित र परिस्कृतकासाथ अगाडी बढाउंदा नयाँ पीढि समेत यस महाअभियान आकर्षित हुने हुँदा त्यस्तो वातावरण बनाउनु पर्नेमा जोड दिनु भयो। शुरुआतका ज्ञानमाला भजनहरु बर्तमान परिवेसमा सुन्दा केही असहज जस्तो लागेता पनि उक्त समयमा सो भजन सान्दर्भिक भएको र त्यस्ता ज्ञानमाला भजनलाई कसैले शंशोधन गर्न नहुने बरु अब सृजना हुने ज्ञानमाला भजन वर्तमान परिवेशसँग मेल खाने हुनु पर्ने बताउनु भयो।

कार्यपत्र प्रस्तोता डा. रिना तुलाधरले कार्यपत्रमाथि भएका टिप्पणीहरुप्रति आफ्‌नो पूर्ण सहमती रहेकाले टिप्पणी भएका बुंदाहरुमाथि संशोधन गरि कार्यपत्र समृद्ध बनाउने व्यहोरा प्रस्तोता डा. रिना तुलाधरले बताउनु भयो। उक्त गोष्ठीमा रिपोर्टियरका रुपमा व्यवस्थापन समितिका सदस्यहरु राजकुमार शाक्य र सचिन शाक्यले गर्नुभएको थियो।

कूल ४६ वटा ज्ञानमाला भजन खल:, संघहरुले सहभागिता जनाएको उक्त कार्यक्रममा ३ वर्ष पछि २०७७ सालमा सम्मेलनको व्यवस्थापनकालागि काभ्रे जिल्लाको बनेपा स्थित वांख्य: ज्ञानमाला भजन खल:ले पा:बो (ब्यवस्थापन पालो) ग्रहण गरेको थियो। कार्यक्रमको क्रममा विभिन्न जिल्लाबाट सहभागी ज्ञानमाला भजन खल:हरुले ज्ञानमाला भजन प्रस्तुत गरेका थिए। सम्मेलनको तेश्रो दिन चावहिलको पिंगला विहारमा विहान शील प्रार्थना, धर्मदेशना, बुद्ध पूजा र ज्ञानमाला भजन प्रस्तुतीकासाथ शुरु भएको थियो। धर्मदेशनाको क्रममा भिक्षु सोभित महास्थविरज्यूले ज्ञानमाला भजन गाउने मात्रै नगरी त्यसको भावार्थ पनि बुझ्‌नु पर्ने र उक्त गाइएको ज्ञानमाला आफ्‌नो जीवन र व्यवहारमा लागु गर्नु पर्ने कुरामा जोड दिनु भयो। वहाँले बुद्ध धर्मको प्रचारकालागि ज्ञानमाला भजन एक शशक्त माध्यम भएको र उपासक उपासिकाहरुले समयानुकुल राम्रा ज्ञानमालाको रचना गरि सर्वप्रिय संगीतको संयोजनबाट नयाँपीढि आकर्षित गर्नुपर्ने बताउनु भयो।

२९ गते दिउंसो शुरु भएको समापन समारोह केन्द्रीय अध्यक्ष किरण कुमार जोशीको सभापतीत्वमा, सम्मेलन घोषणा वाचन वरिष्ठ उपाध्यक्ष रमना श्रेष्ठबाट, सम्मेलनको समिक्षात्मक मन्तब्य संरक्षक प्रा. सुवर्ण श्रेष्ठबाट, धन्यवाद ज्ञापन महासचिव शान्तकुमार चित्रकार बाट गरिएको थियो।

**रमना श्रेष्ठको अध्यक्षतामा सर्वसम्मत कार्यसमितिको चयन**

अन्तमा नेपाल राष्ट्रिय ज्ञानमाला कार्यसमितिको निर्वाचनको क्रममा श्रीमती रमना श्रेष्ठको अध्यक्षतामा वरिष्ठ उपाध्यक्ष विमल बहादुर शाक्य, बुटवल। उपाध्यक्ष मध्यमाञ्चल तर्फ जुलुम शाक्य, कीर्तिपुर। उपाध्यक्ष पूर्वाञ्चल तर्फ पञ्चु शाक्य, धरान। उपाध्यक्ष पश्चिमाञ्चल तर्फ केशवलाल बज्राचार्य तानसेन, पाल्पा। महासचिव इन्द्रमुनी शाक्य, ललितपुर। उपमहासचिव प्रकाश ताम्राकार, काठमाडौं। कोषाध्यक्ष, सप्तराज शाक्य, ललितपुर। सहकोषाध्यक्ष अष्टबहादुर डंगोल कीर्तिपुर। सदस्यहरुमा राजभाई शाक्य, ललितपुर। लक्ष्मीबहादुर महर्जन, ललितपुर। कुमार महर्जन, लुभू, ललितपुर र मेनुका बज्राचार्य तानसेन पाल्पा सहितको १३ सदस्यीय कार्य समितिको निर्विरोध निर्वाचित भएको थियो। नबनिर्वाचित कार्यसमितिको पहिलो बैठकबाट कार्य समिति सदस्यमा काईली रञ्जीत, काठमाडौं। सुमित्रा श्रेष्ठ, साँखु र लक्ष्मीदेवी मानन्धर बनेपालाई मनोनीत गरिएको थियो भने शान्तरत्न शाक्य, काठमाडौं प्रमुख सल्लाहकार र रामकृष्ण वैद्य, भक्तपुर, महारत्न बज्राचार्य हेटौंडा, किरण कुमार जोशी, काठमाडौं, शांन्तकुमार चित्रकार, काठमाडौं समेतको सल्लाहकार सदस्य मनोनीत गरिएको थियो। त्यस्तै गरी विगतदेखि नेपाल राष्ट्रिय ज्ञानमाला समितीको धर्मानुशासकका रुपमा संघनायक भिक्षु अश्वघोष महास्थविर र संरक्षकका रुपमा प्रा. सुवर्ण शाक्य, काठमाडौं रहनु भएको जानकारी नवनियुक्त अध्यक्ष श्रीमती रमना श्रेष्ठले बताउनु भयो।

**Migration Cirtificate**

**हराएको सूचना**

श्री सुशिल थापाको विदेश पढ्न जानको लागि चाहिने मास्टर तहको माईग्रेसन सर्टिफिकेट हराएको हुनाले पाउनुहुने महानुभावहरुले निम्न व्यक्तिलाई बुझाई दिनु भएमा सधन्यवाद सहित पुरस्कारको पनि व्यवस्था गरिएको छ।

तपेन्द्र शाही/सुशिल थापा

**फोन नं. ९८६१५९५५१२, ९८५८०५००७३**

**कीर्तिपुर बैद्य पसल**

यहाँ सम्पूर्ण पूजा सामाग्रीहरूका साथै सुत्केरी मसला पनि पाइन्छ।

**कीर्तिपुर बैद्य पसल**

**पाँगा दोबाटो, इमेज स्टुडियोको पछाडि**

**फोन नं. ०१-४३३४९२६**

कीर्तिपुरको चित्रण
काठमाडौं जि. प्र. का दर्ता नं.२११-२०६७/०६८

# कीर्तिपुर सन्देश
KIRTIPUR SANDESH WEEKLY
साप्ताहिक

वर्ष ७ अंक २६ (संयुक्तांक ३३०) ने.सं. ११३८ सिल्लाथ्व सप्तमी बुधवा: २०७४ माघ १० गते बुधवार (Jan24, 2017) मूल्य रु.१०/- पृष्ठ १६

# राष्ट्रियसभा चुनावदेखि सरकारको सवालमा मधेसवादी दलहरुको एजेण्डा संविधान संशोधन

**कीर्तिपुर सन्देश साप्ताहिक/**

राष्ट्रियसभा सदस्यका लागि उम्मेदवारी दिने दिन बुधवार हो। राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपाललाई वाम गठबन्धनले तालमेलका लागि प्रस्ताव गरे तापनि ती राजनीतिक दलहरुले भने संविधान संशोधनलाई प्रमुख एजेण्डा बनाएका छन्।

ती दुई दलले राष्ट्रियसभाको चुनावको सवालमा मात्र हैन प्रादेशिक सरकार गठन र केन्द्र अर्थात संघीय सरकार गठनको सवालमा पनि संविधान संशोधनलाई नै प्रमुख मुद्दा बनाई वाम गठबन्धन होस वा नेपाली कांग्रेससंग कार्यगत एकता गर्ने नीति लिएको थाहा भएको छ।



राष्ट्रियसभाको चुनावको सन्दर्भमा राजपा र फोरम नेपालले काँग्रेससँग पाँच सीट मागेका थिए। तर, काँग्रेस तयार भएन । बरु बामगठबन्धन राजपा र फोरम नेपाललाई ६ सीट दिन तयार भयो। २ नम्बर प्रदेशका राष्ट्रियसभाका लागि ८ सीटमा चुनाव हुँदैछ। सीटमा त राजपा र फोरम नेपाल र बामगठबन्धनवीच नजिक पुगेको छ तर मधेसवादी दलले भने संविधान संशोधनलाई नै प्रमुख मुद्दा बनाएका छन् । राजपा र फोरम नेपालले प्याकेजमा सहमति चाहेका छन् । राष्ट्रियसभा चुनावका



लागि तालमेल गर्न सहमति गर्नुसँगै सविधान संशोधनको विषयलाई पनि प्याकेजमै ल्याउनुपर्ने राजपा र फोरम नेपालको प्रस्ताव छ।

फोरम र राजपा नेपालको यस्तो प्रस्तावप्रति एमाले पनि सकारात्मक देखिएको छ । एमालेले सीमांकन बाहेक अरु विषयमा संशोधन गर्न अझै तयार रहेको बताएको स्रोतले जनायो । वैठकमा सहभागी राजपाका एक नेताका अनुसार एमाले नेताहरुले सविधान संशोधनमा आफुहरु कहिल्यै विरोधी नरहेको बरु काँग्रेसले भ्रम फैलाएको विषय राखेका थिए । यस अघि काँग्रेस र माओवादी केन्द्रले सविधान संशोधनका लागि प्रस्ताव ल्याउँदा त्यतिबेला एमालेले विरोध गरेको थियो। सविधान संशोधनमा एमालेलाई सहमतिमा ल्याउन राजपा र फोरम नेपालले पटक-पटक छलफल गरेका थिए।

अहिले फेरि राष्ट्रियसभा चुनावी तालमेलसँगै संविधान संसोधनको पुरानै विषय बहसमा आएको छ। सविधान संशोधन र सीटको विषयमा दलका शीर्ष तहमा छलफल गरेर पुन बस्ने गरी बैठक स्थगित भएको थियो । यसबीचमा राजपा नेपाल, फोरम नेपाल र वामगठबन्धनले छुट्टा छुट्टै छलफल गरे।

## पहिचानको मुद्दममा २ नम्बर प्रदेश अगाडी जाने संकेत

**कीर्तिपुर सन्देश साप्ताहिक/**

२ नम्बरको सपथ ग्रहणमा ४७ जनाले मैथली भाषामा, २५ जनाले भोजपुरी भाषामा, २३ जनाले खस नेपाली भाषामा र ११ जनाले हिन्दी भाषामा सपथ ग्रहण गरेको थियो।

सपथ ग्रहण संगै २ नम्बर प्रदेशको बैशाख २१ गते प्रदेशसभाको बैठक अर्थात अधिवेशन आह्वान गरिएको छ भने प्रदेशको नाम, प्रदेशको राजधानी र प्रदेशमा प्रयोग गर्ने भाषाको सवाल एजेण्डा बनाएको छ। प्रदेशको नामको सवालमा जनकपुर प्रदेश, मिथिला प्रदेश र मध्य मधेस प्रदेश प्रस्तावमा आउने र मध्य मधेस प्रदेश नामाङकरण हुने संभावना बढि रहेको छ। त्यसै गरि भोजपुरी र मैथिली भाषालाई कामकाजी भाषा बनाउने संभावना छ।

संघीय समाजवादी फोरम र राजपाको बहुमत भएका कारण पहिचानको आधारमा नामांकन गर्ने भनी त्यसरी निर्णय गर्न लागेको थाहा भएको छ। यस्तो अवस्थामा पहिचानको सवालमा २ नम्बर प्रदेश सबै भन्दा अघि देखिन थालेको आदिवासी जनजाति, मधेसी समुदायले टिप्पणी गर्न थालेका छन्।



**कानुनी सल्लाहकार**
**ज्ञानबहादुर महर्जन**
**प्रकाशक**
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
**सम्पादक**
**श्रीकृष्ण महर्जन**
**सह सम्पादकक**
**नजरराम महर्जन**

**प्रवन्धक**
**निरजमान सिंह**
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः **ट्वीन प्रेस, कीर्तिपुर, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७**
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com

**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

## सम्पादकीय

# संघीयताको सवालमा व्यवहारिक अभ्यास सुरु

**मुलुकमा बनेको नयाँ संरचना अनुसार पहिलो पटक प्रदेशसभा व्यवहारिक रुपमा अभ्यास सुरु भएको छ। प्रदेशसभाका सदस्यहरुलाई सपथ ग्रहणसंगै संघीयताको सवालमा पनि व्यवहारिक रुपमा अभ्यास सुरु भएको हो । एक दशक अघिदेखि संविधानमा मात्र सिमित रहेको संघीयताको सवालमा प्रदेश सभा सदस्यहरुको सपथ ग्रहणासंगै अव संघियता कसरी व्यवहारमा लागू सर्ने हो भन्ने विषय चुनौति बनेको छ ।**

**राज्यको संरचना अनुसार केन्द्र अर्थात संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार रहेको अवस्थामा ती तिनै वना सरकारको वीचमा अधिकार क्षेत्रको सवालमा स्पष्ट हुनुपर्ने र एउटा सरकारले अर्को सरकारको अस्तीत्व समेत स्वीकार गर्दै जानुपर्ने अवस्था छ। मुलुकमा पहिलो पटक हुन गइरहेको कारणले ती तीनै वटा सरकारमा बस्ने र सरोकारवालाहरुलाई पनि बुझ्न र बुझाउनका लागि केहि समयत अवस्य पनि लाग्ने देखिन्छ ।**

**जे भएतापनि संघीयतामा गएको मुलुकमा सम्वन्धित जनप्रतितिहरु र जनतलाई समेत कन्फ्यूजमा पार्ने र संघीयताको विरोध गर्नका लागि वातावरण तयार पर्ने खेले खेल्नेहरु पनि आउन सक्ने अवस्था छ। संघीयता विरोधीहरुले खेल्ने त्यस्तो खेललाई ध्यानमा राखी मुलुकको आवश्यकता अनुसार आवश्यक कानुन बनाउने र आवश्यक संविधान संशोधन गरि संघीयतालाई व्यवहारमा लागू गरि जनतालाई राहतको महसुस गराउने साथै सबै नेपाली जनताले आफ्नो मुलुक हो भनी महसूस गर्न सक्ने र आफू पनि रहेको अनुभूति गर्न सक्ने वातावरण तयार गर्न दलका नेताहरुले सचेत भई अघि बढ्नुपर्ने अवस्था छ ।**

**सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना विभाग**

# अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) १६९ के हो ?–३

**अगिल्लो अंकबाट क्रमश ......**

धारा १९

राष्ट्रिय कृषि कार्यक्रमहरुले देहायका विषयहरुका सम्बन्धमा जनसंख्याको अन्य क्षेत्रहरुलाई प्रदान गरिएको व्यवहार सरहको समान व्यवहार सम्बन्धित जनताहरुलाई प्रदान गरिएको कुरा सुनिश्चित गर्नेछन् ।

क) आफ्नो सामान्य जीवन यापनको लागि अत्यावश्यक क्षेत्र नभएको अवस्थामा यी जनताहरुलाई अधिकतम भूमि हुने व्यवस्था, ख) यी जनताहरुको भोगचलनमा रहेको भूमिको विकास प्रवर्द्धन गर्न आवश्यक साधनहरुको व्यवस्था ।

**भाग ३ भर्ना तथा रोगगारीका अवस्थाहरु**

**धारा २०**

१. राष्ट्रिय कानून र नियमहरुको संरचनाभित्र रही तथा सम्बन्धित जनताहरुको सहयोगमा, सरकारहरुले सामान्य रुपमा कामदारको हकमा लागू हुने कानूनहरुबाट निजहरुको संरक्षण प्रभावकारी रुपले नभएको हदसम्म यस्ता जनताहरुसंग सम्वन्धित कामदारहरुको भर्ना र रोजगारीका अवस्थाहरुसंग सम्बन्धित प्रभावकारी संरक्षण सुनिश्चित गर्न विशेष उपायहरु अवलम्बन गर्नेछन् ।

२. सरकारहरुले सम्बन्धित जनताहरुसंग सम्वन्धित कामदारहरु र अन्य कामदारहरु वीचको कुनै पनि भेदभाव रोक्नको लागि र खासगरी देहायका कुराहरुको सम्वन्धमा संभव हरेक कार्यहरु गर्नेछन् ।

क) दक्ष रोजगारी लगायत रोजगारीमा प्रवेश र वढुवा तथा पदोन्नतिका उपायहरु, ख) समान मूल्यको कामको लागि समान पारिश्रमिक, ग) औषधोपचार र सामाजिक सहायता, पेशागत सुरक्षा र स्वास्थ्य, सम्पूर्ण सामाजिक सुरक्षाका लाभहरु तथा पेशागत रुपमा सम्वन्धित अन्य कुनै पनि लाभ तथा आवास, घ) संघ, संस्थाको अधिकार तथा कानूनी ट्रेड युनियन गतिविधिहरु गर्ने सम्पूर्ण स्वतन्त्रता तथा रोजगारदाताहरु वा रोजगारदाता संस्थाहरुसंग सामूहिक सम्झौताहरु गर्ने अधिकार

३. अवलम्वन गरिएका उपायहरुमा देहायका कुराहरु सुनिश्चित गर्ने उपायहरु समेत समावेश हुनेछन्,

क) सम्वन्धित जनताहरुसंग सम्वन्धित कामदारहरु, कृषिजन्य तथा अन्य रोजगारीमा संलग्न मौसमी, आकस्मिक र आप्रवासी कामदारहरु लगायत श्रम ठेकेदारहरुले रोजगारीमा लगाएका कामदारहरु समेतले राष्ट्रिय कानून तथा अभ्यासबाट सोही क्षेत्रमा संलग्न त्यस्तै अन्य कामदारहरुलाई प्रदान गरिएको संरक्षण उपभोग गर्ने र निजहरुलाई श्रम कानून अन्तर्गतका निजहरुका अधिकार तथा निजहरुलाई उपलब्ध भएका उपचारका उपायहरुको बारेमा पूर्ण जानकारी गराउने कुरा, ख) यी जनताहरुसंग सम्बन्धित कामदारहरुलाई र खासगरी किटनाशक वा अन्य विषालु पदार्थहरुको संसर्ग हुने अवस्थामा निजहरुको स्वास्थ्यको लागि जोखिमपूर्ण हुने कार्य बातावरणमा काम गर्न नलगाईने कुरा, ग) यी जनताहरुसंग सम्बन्धित कामदारहरुलाई बधुवा श्रम वा ऋण तिर्न नसकेको कारणले दास हुनुपर्ने अन्य किसिमको काम लगायत बलपूर्वकका भर्ना प्रणालीहरु अन्तर्गत भर्ना नगरिने कुरा,

घ) यी जनताहरुसंग सम्बन्धित कामदारहरुले महिला र पुरुषका लागि रोजगारीमा समान अवसर र समान व्यवहार उपायोग गर्ने र यौनजन्य दुर्व्यवहार विरुद्ध संरक्षण पाउने कुरा ।

४. प्रस्तुत महासन्धिको यस भागका व्यवस्थाहरुको पालना भएको कुरा सुनिश्चित गर्ने उद्देश्यले सम्बन्धित जनताहरु संग सम्बन्धित कामदारहरुले ज्यालादारी रोजगारी गरेका क्षेत्रहरुमा पर्याप्त श्रम निरीक्षण सेवाहरु स्थापित गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।

**भाग ४ व्यावसायिक तालीम, हस्तकला र ग्रामीण उद्योगहरु**

**धारा २१** सम्बन्धित जनताका सदस्यहरुले व्यावसायिक तालीमका उपायहरुको सम्बन्धमा कम्तिमा अन्य नागरिकहरुले पाउने सरह समान अवसरहरु उपभोग गर्नेछन् ।

**धारा २२** १. सामान्य प्रयोगका व्यावसायिक तालीम कार्यक्रमहरु मा सम्बन्धित जनताका सदस्यहरुको स्वेच्छिक सहभागिता प्रवर्द्धन गर्ने उपायहरु अपनाइनेछन् ।२. सामान्य प्रयोगका व्यावसायिक तालिम कार्यक्रमहरुले सम्वन्धित जनताहरुका विशेष आवश्यकताहरूलाई पूरा नगरेको अवस्थामा सरकारहरुले यी जनताहरुको सहभागितामा विशेष तालीम कार्यक्रम र सुविधाहरुको व्यवस्था मिलाउनेछन् ।

३. कुनै पनि विशेष तालिम कार्यक्रम सम्वन्धित जनताहरुको आर्थिक वातावरण, सामाजिक र सांस्कृतिक अवस्था तथा व्यावहारिक आवश्यकतामा आधारित हुनेछ । यस सम्वन्धमा गरिएको कुनै पनि अध्ययन यस्ता जनताहरुसंग परामर्श गरिनेछ । संभव भएको अवस्थामा, यी जनताहरुले त्यस्तो निर्णय गरेमा यस्ता विशेष तालीम कार्यक्रमको संगठन र संचालनको लागि प्रगतिशील रुपमा जिम्मेवारी वहन गर्नेछन् ।

**धारा २३** १. हस्तकला, ग्रामीण र समुदायमा आधारित उद्योगहरु तथा सम्वन्धित जनताहरुको निर्वाहमूखी अर्थतन्त्र र शिकार खेल्ने, माछा मार्ने, पासो थाप्ने र जम्मा गर्ने जस्ता परम्परागत कृयाकलापहरुलाई निजहरुको संस्कृतिको सम्बर्द्धन तथा आर्थिक आत्मनिर्भरता विकासमा महत्वपूर्ण तत्वहरुको रुपमा मान्यता दिइनेछ। सरकारहरुले उपयुक्त भएको अवस्थामा यस्ता जनताहरुको सहभागितामा त्यस्ता कृयाकलापहरु सुदृढ गरिएको र प्रवर्द्धन गरिएको कुरा सुनिश्चित गर्नेछन् ।

२. सम्वन्धित जनताको अनुरोधमा, संभव भएको अवस्थामा त्यस्ता जनताको परम्परागत प्रविधि र सांस्कृतिक विशेषताहरु तथा दीगो र समन्यायिक विकासलाई दृष्टिगत गरी उपयुक्त प्राविधिक र वित्तीय सहायता उपलब्ध गराइनेछ।

**भाग ५ सामाजिक सुरक्षा तथा स्वास्थ्य**

**धारा २४** सम्वन्धित जनताको रक्षावरण गर्ने गरी सामाजिक सुरक्षा सम्बन्धी योजनाहरुको विकास प्रगतिशील रुपमा गरिने छ र निजहरु विरुद्ध कुनै पनि भेदभाव नगरी यस्ता योजनाहरुको कार्यान्वयन गरिनेछ।

**धारा २५** १. सरकारहरुले सम्वन्धित जनताहरुलाई पर्याप्त स्वास्थ्य सेवाहरु उपलब्ध भएको सुनिश्चित गर्ने वा निजहरुले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम उपलब्ध स्तर उपभोग गर्नसक्ने गरी निजहरुको आफ्नै जिम्मेवारी र नियन्त्रण अन्तर्गत यस्ता सेवाहरु तय गरी उपलब्ध गराउन निजहरुलाई स्रोतहरु उपलब्ध गराउनेछन् ।

२. स्वास्थ्य सेवाहरु संभव भएसम्म समुदायमा आधारित हुनेछन् । सम्वन्धित जनताको सहयोगमा यस्ता सेवाहरुको तर्जुमा गरी संचालन गरिनेछ र यस्ता सेवाहरुले निजहरुको आर्थिक, भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्था तथा निजहरुको निरोधात्मक हेरचाह, उपचारात्मक अभ्यास र औषधिलाई ध्यान दिनेछन् । ३. स्वास्थ्य उपचार प्रणालीले स्थानीय समुदायका स्वास्थ्यकर्मीहरुको तालीम र रोजगारीलाई प्राथमिकता दिने र स्वास्थ्य उपचार सेवाका अन्य तहहरुमा सवल सम्बन्ध कायम राख्दै प्राथमिक स्वास्थ्य सेवामा जोड दिनेछ। ४. यस्ता स्वास्थ्य सेवाहरुको व्यवस्था गर्दा मुलुकमा अपनाईएका अन्य सामाजिक, आर्थिक र सांस्कतिक उपायहरु संग समन्वय गरिनेछ।

**भाग ६ शिक्षा तथा संचार माध्यम**

**धारा २६** सम्वन्धित जनताका सदस्यहरुलाई कम्तिमा राष्ट्रिय सुमदायका अन्य जनतासंग समान आधारमा सबै तहमा शिक्षा हासिल गर्ने अवसर उपलब्ध भएको कुरा सुनिश्चित गर्न उपायहरु अपनाइनेछन्।

**धारा २७** १. सम्बन्धित जनताको लागि शैक्षिक कार्यक्रम र सेवाहरु त्यस्ता जनताका विशेष आवश्यकताहरुलाई सम्बोधन गर्न निजहरुसंगको सहयोगमा विकास र कार्यान्वयन गरिनेछ र त्यस्ता कार्यक्रम र सेवाहरुले निजहरुको इतिहास, ज्ञान र प्रविधि, मूल्य प्रणाली (भ्यालु सिष्टम्स) र उत्तरोतर सामाजिक, आर्थिक र सांस्कृतिक आकांक्षाहरुलाई समेट्नेछन् । २.सक्षम अधिकारीले उपयुक्ततानुसार यस्ता जनताका लागि यस्ता कार्यक्रमहरुको संचालनको लागि प्रगतिशील रुपमा जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यले शैक्षिक कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनका सम्बन्धमा सम्बन्धित जनताका सदस्यहरुलाई तालीम दिईएको र त्यसमा निजहरुको संलग्नता रहेको सुनिश्चित गर्नेछ ।

३. यसका अतिरिक्त, सरकारहरुले आफ्नो शैक्षिक संस्था तथा सुविधाहरु स्थापित गर्ने यी जनताको अधिकारलाई मान्यता दिनेछन् । तर यस्ता संस्थाहरुले यी जनतासंग परामर्श गरी सक्षम अधिकारीबाट स्थापित न्यूनतम मापदण्डहरु पूरा गरेको हुनुपर्दछ । यस प्रयोजनको लागि उपयुक्त स्रोतहरु उपलब्ध गराईनेछ।

क्रमश .....

# कीर्तिपुरको इतिहास बैशाख महिनाभित्र लेख्न टेकबहादुर श्रेष्ठलाई जिम्मा

**कीर्तिपुर सन्देश /**

कीर्तिपुर नगरपालिकाको आर्थिक सहयोगमा कीर्तिपुरको वास्तविक ऐतिहासिक इतिहास तयार पार्न नेपालभाषा एकेदेमिलाई कीर्तिपुर नगरपालिकाले जिम्मा दिएको छ। सोहि अनुसार विभिन्न अनुसन्धानदाता विद्धानहरुसंग सर सल्लाह गरि विभिन्न स्थानको ऐतिहासिक अनुसन्धान गरि पुस्तक तयार पारिसक्नु भएका प्रा. डा. टेकाबहादुर श्रेष्ठसंग छलफल गरि प्रस्ताव पेश गर्न नेपालभाषा एकेदेमिले आह्वान गरिएको छ। माघ महिना भित्र उहाँले उक्त प्रस्ताव पेश गर्नुहुने भएको छ। उक्त प्रस्ताव सन्तोषजनक भएमा उहाँलाई नै कीर्तिपुरको बास्तविक इतिहास लेख्ने जिम्मा दिने भएको छ । उहाँलाई सहयोगको लागि कीर्तिपुरका सांस्कृतिक तथा ऐतिहासिक अनुसन्धानमा लागेकाहरुलाई पनि समावेश गरिने जनाएको छ।

# एकै मञ्चमा कीर्तिपुरका ८ जना महिला कलाकारहरुको प्रस्तूति मिसा सः सम्पन्न

**कीर्तिपुर सन्देश साप्ताहिक**

इन्द्रेणी सांस्कृतिक समाज कीर्तिपुरको आयोजनामा गत माघ ५ गते शुक्रवार मिसा सः नाम दिएर सांगितीक कार्यक्रम गरिएको छ । होटल हिलसाइडको सभाहलमा भब्यताका साथ सम्पन्न भएको छ। सो कार्यक्रममा कीर्तिपुर का ८जना महिलाहरुले आ आफ्नो सांगितीक प्रस्तूति प्रस्तुत गरिएक थिए । जसमा विरमाया महर्जन, रानीशोभा महर्जन, प्रमिला महर्जन, रफेला महर्जन (१०बर्ष), स्वस्ती महर्जन, रिता महर्जन, रत्नशोभा




महर्जन, दिपा महर्जनले दुई दुई वटा गाना प्रस्तूत गरेका थिए।

कलाकार कल्याण कोषको सहयोगार्थ इन्द्रेणी सांस्कृतिक समाजले मिसा सः सांगितिक ज्याभ्वः ने.सं.११३८ गरिएको थियो। २०४४ सालदेखि इन्द्रेणी सांस्कृतिक समाजको माध्यमवाट समाजमा परिवर्तन ल्याउन प्रगतिशल गाना, नाटक, कार्यक्रमहरु प्रस्तूत गर्दै आइरहेको हो।



# चुनावी प्रचार सामग्री कहिले हट्ने हो ?

**कीर्तिपुर सन्देश साप्ताहिक**

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको ५० दिन पुगी सक्दाखेरि पनि कीर्तिपुर नगरपालिका वडा नं. ८ पांगाको पासिद्वपाःमा झुण्ड्याइएका चुनाव चिन्हका झल्लरहरु अहिले सम्म कसैले पनि हटाउने जिम्मेवारी बहन गरिएको छैन। गत मंसिर २१ गते भएको चुनावको सामाग्री अहिले सम्म पनि राजनीतिक दलका नेता कर्याकर्ताहरुले ती झल्लर हटाउने काम नगरेका कारण राजनीतिक दलहरुले स्थानीय रुपमा सर सफाईमा बेवास्ता गरेको हो कि भनी स्थानीयवासीले प्रश्न गर्न थालेका छन् ।

कीर्तिपुर नयाँबजार स्थित लोकतान्त्रिक चोकदेखि तःगवपि सम्म राखिएका चुनावी प्रचार सामग्रीहरु मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, वडा नं. १ का वडाअध्यक्ष हर्ष महर्जन, २ नम्बरका वडा अध्यक्ष रमेशमान डंगोल, ३ नम्बरका वडा अध्यक्ष राजेन्द्र महर्जन, १० नम्बर वडा अध्यक्ष अमन महर्जन र नयाँबजार व्यापार समाजका अध्यक्ष बुद्धिमान महर्जन, सचिव नरेश महर्जन लगाएतको सहभागीतामा चुनाव परिणाम निस्केको केही दिन भित्रमा सफा गरिएको थियो ।

पांगाको पासीद्वपाः देखि हनुमानघाट सम्मको यी झलरहरु पनि विजयी वडा अध्यक्ष विनोद महर्जन र प्रदेशसभा सदस्य पुकार महर्जनको अगुवाइमा हटाए मात्र हट्ने हो कि भनी प्रश्न गर्न थालेका छन् ।

# रञ्जना लिपिले नेपालभाषामा लेखिएको गेट बनाई कीर्तिपुर नगरपालिकाद्धारा राष्ट्रपति विद्यादेवी भण्डारीलाई स्वागत

कीर्तिपुर नगरपालिकाले पहिलो पटक राष्ट्रपति विद्यादेवी भण्डारीको स्वागतका लागि बनाएको गेटमा नेपालभाषा प्रयोग गरिएको छ। नगरपालिकाले नेपालभाषामा स्वागत भन्दै लसकुस लेखिएको गेट बनाएको थियो । सो गेटमा देवनागरिक लिपिमा नेपालभाषाबाट राष्ट्रपतिलाई स्वागत गरिएको कुरा उल्लेख मात्र हैन नेपालकै उत्कृष्ट रंजना लिपिमा समेत लेखिएको छ।

कीर्तिपुर नगरपालिकाले स्थानीय नेपालभाषा र रञ्जना लिपिलाई यसरी व्यवहारमा प्रयोग गरेकोलाई कीर्तिपुरका स्थानीय मातृभाषा प्रेमि र भाषिक कार्यकर्ताहरुले अत्यन्तै राम्रो काम गरेको भनी टिप्पणी गर्न थालेका छन् ।

कीर्तिपररको क्रिकेट मैदानमा भएको क्रिकेट महोत्सवमा सहभागी हुने राष्ट्रपतिलाई स्वागत गर्न त्यसरी गेट बनाएको थियो ।

मदन भण्डारी स्पोर्टस एकेडमी (क्रिकेट विभाग) ले कीर्तिपुर स्थित क्रिकेट मैदानमा पहिलोपल्ट माघ ५ र ६ गते गरी दुई दिने क्रिकेट महोत्सव सम्पन्न गरेको छ। माघ ५ गतेका दिन संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त महत्सवको पानसमा बत्ती बाली उद्घाटन गर्नु भएको थियो ।

उद्घाटन कार्यक्रममा स्पोर्ट्स एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठले राष्ट्रपति लगायत उपस्थित सबै अतिथि, सहभागी, खेलाडी, विभिन्न दलका नेताहरु, कीर्तिपुर नगरपालिकाका जनप्रतिनिधि, कलाकार आदिलाई स्वागत गर्नु भएको थिया ।

उक्त कार्यक्रममा नेपाल सरकारका खेलकुद मन्त्री राजन के.सी, साँसद, तथा पूर्व गृहमन्त्री जनार्दन शर्मा, नेकपा एमालेका कार्यालय सचिव तथा साँसद कृष्णगोपाल श्रेष्ठ, कीर्तिपुर नगरपालिकाको




प्रमुख रमेश महर्जन, उपप्रमुख सरस्वति खड्का, वडाध्यक्ष हर्ष महर्जन, रमेशमान डंगोल, अमन महर्जन लगायत उपस्थित थिए

कीर्तिपुर नगरपलिकाले राष्ट्रपति आगमनको स्वागतार्थ प्रवेशद्धारा बनाइ लाखे नाच झाँकी सहित उपस्थित नगरपालिका टोलीको नेतृत्व गर्दै प्रमुख रमेश महर्जनले राष्ट्रपति विद्यादेवि भण्डारीलाई कीर्तिपुरको तस्विर मायाको चिनो प्रदान गर्नु भएको थियो। उक्त महोत्सवमा क्रिकेट सम्वन्धि स्थलहरु राखी क्रिकेट सम्वन्धि जानकारी गराएको थियो । कीर्तिपुरमा भएको उक्त महोत्सवमा खेलकुद मन्त्री राजन के. सी, जनार्दन शर्मा लगायत नेताहरु र क्रिकेट खेलाडीहरुबीच रमाइलो म्याच भएको थियो । साथै कलाकार दिपक गिरी, दीपाश्री ,निर्मल गेडा लगायत कलाकार हरुले पनि रमाइलो म्याच खेलेको थिए ।

# सहिद स्मारक कलेजमा रक्तदान



**कीर्तिपुर सन्देश साप्ताहिक**

२० औं राष्ट्रिय भुकम्प सुरक्षा दिवस तथा सहिद स्मारक कलेजको २७औं वार्षिकोत्सवको सन्दर्भमा आयोजित रक्तदान कार्यक्रम, कीर्तिपुर नगरपालिका, ओनस नेपाल र सहिद स्मारक कलेजको संयुक्त आयोजनामा भएको थियो।

औपचारिक कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख रमेश महर्जन, त्यस्तै आशन ग्रहण सहिद स्मारक कलेजका व्यवस्थापन समितिका अध्यक्ष शम्भुराम महर्जन, सहिद स्मारक कलेजका प्रीन्सिपल मिलनमान महर्जन र ओनस नेपालका अध्यक्ष रिडि भन्सारी र ओनस नेपालका सल्लाहकार हर्षमान महर्जनको उपस्थिति रहेका थिए। प्रमुख अतिथि रमेश महर्जनले मिलन मानलाई रगत राख्ने ब्यायग हस्तान्तरण गर्नु भई कार्यक्रमको उद्घाटन गर्नुभयो।

उक्त रक्तदान कार्यक्रमा कुल रक्तदाता ५५ जना, महिलाः १३ जना र पुरुषः ४२ जना रहनु भएको छ। रक्तदाताहरु मध्येबाट ३ जना लाई गोलाप्रथाद्वारा झटपट् झोला ( Go Bag) उपहारको व्यवस्था गरिएको थियो। बिजेता रक्तदाताहरु :

1. Coupon no. 15 Shankar Gurung
2. Coupon no. 23 Mukesh Maharjan
3. Coupon no. 17 Lokesh Maharjan बिजेताहरुले उपहार प्राप्त गर्नको लागि कुपन सहित सहिद स्मारक कलेजमा सम्पर्क गर्नका लागि अनुरोध गरिएको छ।

# मधेसी दललाई वाम गठबन्धनको यस्तो प्रस्ताव

**कीर्तिपुर सन्देश साप्ताहिक**

एमाले र माओवादी केन्द्रले राष्ट्रिय जनता पार्टी, नेपाल र संघीय समाजवादी फोरम, नेपालसँग राष्ट्रिय सभा निर्वाचनमा चुनावी तालमेल गर्न औपचारिक प्रस्ताव गरेका छन्।

बामगठबन्धनमा आवद्ध दुई दलले मंगलबार विहान राष्ट्रिय सभा निर्वाचनमा तालमेल गर्न राष्ट्रिय जनता पार्टी, नेपाल र संघीय समाजवादी फोरम, नेपालसँग औपचारिक प्रस्ताव गरेको हो। प्रदेश नम्बर २ मा स्पष्ट बहुमत पाएको २ दलसँग राष्ट्रिय सभा निर्वाचनमा तालमेल गरेर जाने विषयमा बाम गठबन्धनका तर्फबाट औपचारिक प्रस्ताव गरिएको एमाले नेता सुवास नेम्वाङले जानकारी दिए।

सिंहदरबारस्थित एमाले संसदीय दलको कार्यालयमा भएको छलफलमा राष्ट्रिय जनता पार्टी, नेपाल र संघीय समाजवादी फोरम, नेपाल पनि एमाले नेतृत्वको बामगठबन्धनसँग सहकार्य गरेर जान सकारात्मक देखिएको बताइएको छ। छलफलमा एमाले र माओवादी केन्द्रका नेताहरुले केन्द्रिय सरकार निर्माणमा पनि सहकार्य गरेर जान सकिने प्रस्ताव पनि अघि सारेका थिए।

राष्ट्रिय जनता पार्टी, नेपाल एमालेसँग सहकार्य गरेर जान इच्छुक भएपनि सहमति भैनसकेको नेता राजेन्द्र श्रेष्ठले बताए। एमाले र माओवादी केन्द्रले यसअघि नै १३ सिटमा अन्य दलसँग सहकार्य गर्नेगरी राष्ट्रिय सभा निर्वाचनमा जाने निर्णय गरेका थिए। सोही निर्णय अनुसार राष्ट्रिय जनता पार्टी, नेपाल र संघीय समाजवादी फोरम, नेपालसँग पनि चुनावी तालमेलको विषयमा औपचारिक छलफल भएको हो।

मंगलबारको बैठकमा एमालेबाट नेता नेम्वाङ र अग्नी खरेल, माओवादी केन्द्रबाट वर्षमान पुन र मातृका यादव सहभागी थिए भने राजपाका सर्वेन्द्रनाथ शुक्ला, रामनरेश यादव, वृशेषचन्द्र लाल तथा संघीय समाजवादी फोरम, नेपालबाट राजेन्द्र श्रेष्ठ लगायतका नेताहरु सहभागी थिए। राष्ट्रिय सभा निर्वाचनको उम्मेदवार बुधबार मनोनयन गर्ने कार्यसूची छ।




# भर्ना खुल्यो ! भर्ना खुल्यो ! !

मङ्गल बहुमुखी क्याम्पस, कीर्तिपुरमा शैक्षिक सत्र २०७४/०७५ को लागि ४ बर्षे BBS तथा BEd प्रथम बर्षमा नयाँ भर्ना खुल्यो। धमाधम फारम वितरण भैरहेको छ। आजै सम्पर्क राख्नुहोस्। समयः विहान ७ बजेदेखि नौ बजेसम्म

**हाम्रा विशेषताहरूः**

१) नमुना मंगल उ.मा.वि. (१०+२) लाई स्तरण गरेर नमुना रुपमा स्थापना गरिएको मङ्गल ब. क्याम्पस भएको।
२)छुट्टा छुट्टै Block मा BBS र BEd को कक्षा संचालन भएको।
३) सफा र शान्त शैक्षिक वातावरण भएको।
४) प्रत्येक संकायमा ७५ प्रतिशत भन्दा बढी नतिजा ल्याउन सफल भएको।
५) खेलाडी, गरिब, जेहेन्दार, दुर्गम लगायत विविध छात्रबृत्तिको व्यवस्था भएको।
६) उत्कृष्ट विद्यार्थीहरुलाई विभिन्न पुरस्कारहरुबाट सम्मानित गरिने।
७) नियमित अतिरिक्त क्रियाकलाप तथा शैक्षिक भ्रमण र हाइकिङको व्यवस्था भएको।
८) दक्ष र अनुभवी प्राध्यापकहरुद्वारा मैत्रीपूर्ण व्यवहारमा अनुसन्धान मुलक र व्यवहारपरक पठन पाठन गरिने।
९) मल्टिमेडिया, प्रोजेक्ट विधि तथा ग्रुप डिस्कसन विधिबाट अध्यापन गरिने।
१०) शैक्षिक गुणस्तर कायम राख्न नियमित मुल्यांकन र अतिरिक्त परीक्षाको व्यवस्था भएको।

BBS & BEd
भर्नामा विशेष छुट

**मङ्गल बहुमुखी क्याम्पस**

कीर्तिपुर, फोन नं. ४३३०५४४, ४३३५५६०

# चोभार सहित कीर्तिपुरको सम्बृद्धिको यात्राका लागि मञ्जुश्री प्रतिमा एक कोशेढुंगा सावित हुने: युवा तथा खेलकुद मन्त्री राजेन्द्र कुमार केसी



## मञ्जुश्री प्रतिमा स्थानार्थ रत्नन्यास पूजा सम्पन्न

**कीर्तिपुर सन्देश साप्ताहिक**

काठमाण्डौ जिल्ला निर्वाचन क्षेत्र नं. १० का प्रतिनिधी सभा सदस्य एवं युवा तथा खेलकुद मन्त्री मा. राजेन्द्र कुमार के.सीको प्रमुख आतिथ्यमा जलविनायक सामुदायिक वन उपभोक्ता समूहवाट जारी ३३ फिटको मञ्जुश्रीको प्रस्तर प्रतिमा निर्माण योजना अन्तर्गत रत्नन्यास कार्यक्रम सम्पन्न भएको छ । समूहका अध्यक्ष ईन्द्र वहादुर महर्जनको अध्यक्षता कीर्तिपुर नगरपालिका वडा नं. ६, चोभार स्थित प्रतिमा निर्माण स्थलमा २०७४ माघ ८ गते भएको उक्त कार्यक्रममा प्रतिमा निर्माणमा हाल सम्म भएको आय व्यय एवं निर्माण सम्वन्धी प्रगति प्रतिवेदन तथा आगामि कार्ययोजना प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथी मन्त्री के.सी.ले राजनीतिक विभेदका मुद्दा अब समाप्त भई सकेको हुँदा सवै जनप्रतिनिधीहरु अब सम्वृद्धिको यात्रामा लाग्नु पर्ने कुरामा जोड दिनु भयो । चोभार उपत्यकाको मात्र नभई राष्ट्रिय स्तरमा एक सुन्दर प्राकृतिक स्थल भएको हुँदा जारी मञ्जुश्री प्रतिमा निर्माण कार्यले चोभारसंग संगै समग्र कीर्तिपुरको विकास तथा संवृद्धिका लागि कोशेढुङ्गा सावित हुने कुरामा विरुश्वास व्यक्त गर्नु भयो। साथै वहाँले प्रतिमा निर्माण कार्यका लागि केन्द्रिय सरकार तथा आफ्नो सांसद विकास कोषवाट समेत यथाशक्य सहयोगको लागि प्रतिवद्धता जनाउनु भयो । साथै सुख्खा बन्दरगाह, वाहिरी चक्रपथ, जारी मञ्जुश्री प्रतिमा निर्माणसहितका स्थानीय गतिविधिले यस क्षेत्रलाई चाँडै एउटा धार्मिक, ऐतिहासिक एवं पर्यटकिय गन्तव्य स्थलका रुपमा विकास गर्ने कुरामा विश्वस्त हुन समेत आग्रह गर्नु भयो। कार्यक्रममा विशिष्ट अतिथी महिला, वालवालिका तथा समाजकल्याण मन्त्री विक्रम वहादुर थापाले कार्यक्रमको गरिमा धेरै उच्च र हेको र जारी योजना सम्पन्न गर्न आफ्नो तर्फवाट ४ लाख रुपैयाँको सहयोग गरी सकेको र थप सहयोगका लागि प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

प्रतिमा निर्माणका लागि विशेष सहयोग गर्ने विश्व शान्तीका अभियन्ता, यूरेशिया रेयुकाईका संस्थापक अध्यक्ष श्री याशुन मासुनागाले आफ्नो शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा ज्ञानको अपार भण्डार वोधिसत्व मञ्जुश्रीको ज्ञान मार्फत चोभार मात्र हैन समग्र नेपाल मात्र हैन सम्पूर्ण विश्वलाई डोर्‍याउने थलोका रुपमा विकास होस् भन्ने कामना गर्नु भयो भने प्रतिमा निर्माणका लागि थप सहयोगको समेत प्रतिवद्धता व्यक्त गर्नु भयो। साथै मासुनागालाई ८४ वर्ष नाघेको अवसरमा नेवारी परम्परा अनुसार सगुन दिई सम्मान गरिएको थियो भने कदरपत्र प्रदान गरी दोसल्ला ओढाई सम्मान समेत गरिएको थियो। गुठी संस्थानका पूर्व अध्यक्ष तथा प्रशासक पञ्चलाल महर्जनले स्थानीय स्तरमा राजनैतिक आस्थाका आधारमा नभई स्थानीय विकासको लागि सवै एक जुट भई अगाडि वढेमा चोभार क्षेत्रा द्रुत गतिमा नमूना विकासका थप परियोजनाहरु अगाडि वढाउन सकिने धारणा राख्नु भयो भने केन्द्रिय तथा स्थानीय सरकारले चोभार क्षेत्रको विकास र मञ्जुश्री लगायतका जारी योजनाहरु सम्पन्न गर्न आवश्यक न्यूनतम पनि सहयोग पुर्‍याउन नसेकेको तथ्य स्पष्ट पार्नु भयो । यसका लागि आवश्यक नेतृत्वदायी भूमिका निर्वाह गर्न कार्यक्रमका प्रमुख अतिथी एवं युवा तथा खेलकुद मन्त्रीलाई अपील पनि गर्नु भयो । कार्यक्रममा वौद्ध विद्वान तथा गुरुहरुवाट धार्मिक विधि अनुसार रत्नन्यास पूजा गरिएको थियो। कार्यक्रममा गैर आवासिय नेपाली संघ, एशिया प्याशिफिक क्षेत्रिय कमिटीका अध्यक्ष श्री किरण विक्रम थापा, प्रा.डा. गोपाल शिवाकोटी (चिन्तन) ले एक एक लाख तथा चोभार सुलक्षण कीर्ति विहारका अध्यक्ष डा. अनोजा गुरुमाले प्रतिमा निर्माणका लागि थप १० हजारको आर्थिक सहयोगको प्रतिवद्धता समेत जनाउनु भयो।

कार्यक्रममा समूहका कोषाध्यक्ष एवं मञ्जुश्री प्रतिमा निर्माण समितिका संयोजक सुजिन्द्र महर्जनले प्रतिमा निर्माणका लागि हाल सम्म लागेको खर्च जम्मा करीव १ करोड पचास लाख ) तथा सहयोग संकलन अर्थात आम्दानि करीव ७० लाख रहेको विवरण सहितको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । प्रतिमाको पेरीफेरी वाहेक प्रतिमा निर्माणका लागि मात्र अझ एक करोड लाग्ने अनुमान निर्माण संयोजक महर्जनले प्रस्तुत गर्नु भयो । संस्थाका उपाध्यक्ष श्री दिपक महर्जलने स्वागत तथा कार्य समिति सदस्य अम्कन कर्माचार्यले धन्यवाद मन्तव्य राख्नु भएको उक्त कार्यक्रम समूहका सचिव सुनीता (शुभलक्ष्मी) शाक्यले संचालन गर्नु भएको थियो।


# भर्ना खुल्यो ! भर्ना खुल्यो !!

## जनाधार सामुदायिक क्याम्पस पाँगामा शैक्षिक सत्र २०७४/०७५ का लागि ४ वर्षे BBS प्रथम वर्षमा नयाँ भर्ना खुल्यो ।

हाम्रा विशेषताहरू

१.नमूना जनसेवा माविको ऐतिहासिक पक्षलाई आधार बनाई अघि बढाइएको।

२.BBS का लागि छुट्टै Language Lab को स्थापना भएको।

३.सफा र शान्त, व्यवस्थित शैक्षिक वातावरण भएको।

४.७० प्रतिशत भन्दा बढी नतिजा ल्याउन सफल भएको।

५.खेलाडी, गरिब, जेहेन्दार, दुर्गम लगायत विवि छात्रवृत्तिको व्यवस्था भएको।

६.उत्कृष्ट विद्यार्थीहरूलाई विभिन्न पुरस्कारबाट सम्मानित गरिने

७.नियमित अतिरिक्त क्रियाकलापको व्यवस्था भएको।

८.दक्ष र अनुभवी प्राध्यापकहरूद्वारा मैत्रीपूर्ण व्यवहारमा पठनपाठन गरिने।

९.मल्टिमेडिया तथा परियोजना कार्यमा आधारित शिक्षण विधि प्रयोग गरिने।

१०.शैक्षिक गुणस्तर कायम राख्न नियमित मूल्याङकन र आन्तरिक परीक्षाको व्यवस्था भएको।

JCC
JANADHAR COMMUNITY CAMPUS

## जनाधार सामुदायिक क्याम्पस

पाँगा, कीर्तिपुर सम्पर्क नं. ४३३०८८०/४३३१९८२


mi
Opening
NOKIA
HUAWEI
SAMSUNG
Soon
iPhone
GIONEE
vivo
Smart Phone
At
oppo
Panga
Dobato
DARSHAN MOBICARE PVT. LTD.


" Where Your Child Comes First"
ADMISSION OPEN
We run on Classes with Limited Kids
Creative Learning
Playful Environment
First Step
PRE LEARNING SCHOOL
FIRST STEP
Tyanglaphant, Kirtipur-10, Tel: 01-4335606


WHERE YOUNG MINDS GROW
SHEMROCK
SIMRIK
Int'l Pre-School
India's 1st Playschool Chain
SHEMROCK
SIMRIK
Admission Open
For
PLAY GROUP
Best and No. 1 Montessori School
Limited Seats Only
Contact : Nayabazar, Bahiri Gaun, Kirtipur-17, Ph. : 4-330646, 9841353526

# प्रधान न्यायाधिश गोपाल पराजुलीबाट अनलाइन उजुरी प्रणालीको उद्घाटन



काठमाडौं/काउन्सिलसंग सम्बन्धित उजुरी अनलाइनबाटै दिन सकिने प्रणालीको आज एक कार्यक्रमबीच प्रधान न्यायाधीश गोपाल पराजुलीले उद्घाटन गर्नुभयो। प्रेस काउन्सिल नेपालले सूचना विभागमा आयोजना गरेको अनलाइन उजुरी प्रणालीको सञ्चालन शुभारम्भ समारोहमा प्रधान न्यायाधीश पराजुलीले काउन्सिलले महत्वपूर्ण उपलब्धि हाशिल गरेको भन्दै पेशागत आचरण कायम गर्न, नियमन-अनुगमन गर्न र स्वस्थ, सभ्य, मर्यादित, व्यवस्थित पत्रकारिताको विकासका लागि सवै पक्ष लाग्नुपर्ने धारणा राख्नुभयो।

सवै मौलिक हक निरपेक्ष नभएको उल्लेख गर्दै आफूलाई प्राप्त अधिकार सीमाविहीन हुन्छ र त्यसमा कसैको नियन्त्रण, हद वा बन्देज हुँदैन भन्ने अवधारणाले समाजका कुनै पनि संस्था, निकाय अपेक्षाकृत सशक्त हुन नसक्ने, सभ्य, शिष्ट, सोम्य पत्रकारिताले मर्यादा कायम रहने, न्यायालयमा विचाराधीन मुद्धामा प्रभाव पर्ने गरी मिडियाबाट प्रकाशन/प्रसारण हुने गरेको, टुँडिखेल, रत्नपार्क र मण्डलाबाट निर्णय हुने हो भने लोकतान्त्रिक मूल्य र मान्यताअनुरुप राज्यबाट स्थापित निकायको अन्त्य त्यही विन्दुबाट हुने स्पष्ट पार्दै न्यायालय जनआस्थामा टिकेको आवाजविहीन संस्था भएको बताउनु भयो। राजनीति गर्ने त कुरै छोडौं, राजनीतिक गन्ध वा संकेत देखिने कुनै प्रकारको कार्यमा पूर्णतः अलग रहन्छ( उहाँको मन्तव्य थियो। संकटकालको बेला नेपालको न्यायालय र प्रेस एक अर्काका रक्षक भएर उभिएको उल्लेख गर्दै न्यायपालिकालाई बचाउने सामर्थ्य सञ्चार जगत्मा हुनुपर्ने धारणासमेत राख्नुभयो।

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले अन्य लोकतान्त्रिक मुलुकको तुलनामा नेपालमा प्रेस स्वतन्त्रताको ज्यादा प्रत्याभूति भएको बताउँनुहुँदै पत्रकारको नाममा अराजक, ठग्दै हिड्ने, प्रहरी अधिकारीलाईसमेत दुःख दिने व्यक्तिमाथि कारवाही गर्दा अदालतले रोक्न नहुनेतर्फ ध्यानाकर्षण गर्दै एक न्यायिक निकायले गरेको निर्णय अर्को न्यायिक निकायले दोहोरो सुनुवाई नगरिकन स्टे अडर दिनु पनि उपयुक्त नभएको उहाँको धारणा थियो।

त्यसैगरी नेपाल पत्रकार महासंघका अध्यक्ष तथा काउन्सिल सदस्य गोविन्द आचार्यले पत्रकार महासंघको विधानमा पत्रकार आचारसंहिता उल्लंघन गर्नेलाई पत्रकारको सदस्यता खारेज गर्ने प्रावधान छ। महासंघको सहमतिमा जारी पत्रकार आचार संहिता पालना नगर्ने पत्रकारलाई काउन्सिलले कारवाही गर्न सक्ने र त्यसमा महासंघको समर्थन रहने भन्दै केही मिडियाले गर्दा सिङ्गो पत्रकारिता जगत् बद्नाम हुँदै गएको, यसतर्फ सजग र सतर्क रहन पत्रकारलाई आग्रह गर्नुभयो। सो अवसरमा काउन्सिल सदस्य इश्वरीप्रसाद ओझाले काउन्सिलले गरिरहेको काममा रुपान्तरण आवश्यक रहेकोमा अनलाइनबाटै उजुरी दिन सकिने व्यवस्थाले काउन्सिलसम्म जनताको सहज पहुँच पुग्ने विश्वास व्यक्त गर्दै काउन्सिल पत्रकारको प्रहरी भएको धारणा राख्नुभयो। लोकतन्त्र स्थापनामा प्रेसको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै पत्रकारितासंग सम्बन्धित बिषयमा अनलाइनबाटै उजुरी दिन सकिनेमा सूचित गर्नुभयो। प्रेस काउन्सिल नेपालका सदस्य गोविन्द चौलागाईँद्वारा सञ्चालित कार्यक्रममा काउन्सिलका उप प्रशासकीय अधिकृत रामशरण बोहराले अनलाइन उजुरी प्रणालीको प्रयोग र काउन्सिलको समग्र गतिविधिको संक्षिप्त विवरणसहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

अव विश्वका जुनसुकै स्थानबाट प्रेस काउन्सिल नेपालको वेभसाइटमा गइ अनलाइन कम्प्लेनमा क्लिक गरी आवश्यक कागजात, विवरण भरी पत्रकारितासंग सम्बन्धित उजुरी दर्ता गर्न सकिनेछ।

तस्विर/रिपोर्ट : महेन्द्रराज सिंह,

# रामकृष्णको अक्षरमा मूर्तिकलाको इतिहास




काठमाडौं, २ माघ र मूर्तिकार रामकृष्ण भण्डारीको 'अक्षरमा मूर्तिकला' शीर्षक संस्मरणात्मक पुस्तकले मूर्ति बनाउँदाका कथाव्यथा समेटेको छ।

कला क्षेत्रमा जीवनभर लागेका थोरै कलाकारले मात्र आफ्नो कला क्षेत्रमा भएका अनुभव तथा उतारचढाव अक्षर मा व्यक्त गरेका छन्।

यसमा रामकृष्ण अपवाद देखिनुभएको छ। 'अभ्यास र सीप', 'सिर्जना र अनुभूति', 'मूर्ति र विचार' तथा 'कार्यशाला एवं प्रदर्शनी' गरी विभिन्नखण्डमा विभाजित अक्षर मा मूर्तिकलामा उदीयमान मूर्तिकारका लागि उपयोगी हुने ६८ लामाछोटा लेखको संग्रह छापिएको छ। उहाँका हजुरबा यकबहादुर भण्डारी र पिता कुलमानसिंह चित्रकलाका ज्ञाता र नामी थिए। शोषितपीडित जनताका पक्षमा चित्र कोर्ने कलाकार कुलमानसिंहका छोरा रामकृष्ण छ वर्षको उमेरदेखि नै पिताले कोरेको चित्रमा रुचि राख्ने गर्नुहुन्थ्यो र आफू पनि बुवासँगसँगै चित्र कोर्न अभ्यास गरिरहनुहुन्थ्यो।

सर्वप्रथम २०३५ सालमा कलाकार रामानन्द जोशीकहाँ कला सिक्ने अवसर पाउनुभएका रामकृष्णले ढुंगाको मूर्ति बनाउने कलाचाहिँ मूर्तिकार प्रेम शाक्यसँग सिक्ने अवसर पाउनुभएको थियो।

पिताले काम गर्ने घरेलु हस्तकला प्रवर्द्धन शाखामा एक दशकभन्दा बढी समय ज्यालादारीमा मूर्ति बनाउने काम पनि उहाँले पाउनुभयो। बुबाकै निर्देशनमा रामकृष्णले शालिक बनाउन शुरु गर्नुभयो। विसं २०४७ मा शहीद स्मारक समिति कीर्तिपुरका तर्फबाट पहिलो शालिक बनाउने अवसर उहाँले पाउनुभयो। मूर्ति निर्माण गरिसकेपछि विसं २०४९ मा उक्त शालिक घरबाट लैजाँदा उहाँलाई बाजागाजाका साथ सम्मान गरी कीर्तिपुर पुऱ्याइएको थियो।

त्यसपछि उहाँले २०५० सालमा बुटवलका लागि मदन भण्डारी र जीवराज आश्रितको शालिक, विसं २०५१ मा म्हैपीका लागि साहित्यकार पारिजातको शालिक, रामेछापका लागि विसं २०५८ मा गंगालाल(पुष्पलाल( कृष्णलालको शालिक बनाउनुभयो।

मूर्तिकार रामकृष्णले २५४८औं बुद्ध जयन्तीको अवसर पारेर विश्व शान्तिका दूत गौतम बुद्धको मूर्ति बनाउनुभयो। त्यस्तै मच्छेगाउँमा बुद्ध निर्माण समितिका अध्यक्ष बुद्ध महर्जनको अगुवाइमा पाँच महिना लगाएर उहाँले बुद्धको मूर्ति बनाउनुभएको थियो। नेपालको सशस्त्र द्वन्द्वमा धेरै मानिसको मृत्यु भएको सम्झनामा शान्तिको कामना गर्दै पाँच फुट अग्लो ढुंगामा बुद्धको मूर्ति बनाउने योजना रहेको कलाकार भण्डारीले आफ्नो पुस्तकमा व्यक्त गर्नुभएको छ।

उहाँले अहिलेसम्म सरस्वती, गणेश, भगवती, काली, राधाकृष्ण, नारायण, लक्ष्मी, बूढानीलकण्ठ, महादेव, ऋषि, मायादेवी, कुमार, मण्डल, सूर्य, चन्द्र, साइबाबा तथा शिरडीबाबा इत्यादिको मूर्ति बनाइसक्नुभएको छ।

त्यस्तै मातातीर्थमा आमाको मूर्ति, नेपाल संवत् ११३१ को अवसर पारेर पाँच फिट अग्लो शंखधर साख्वाको शालिक तथा २०६२ मा कलाकार अरनिकोको मूर्ति बनाउनुभएको थियो।

मूर्तिकार भण्डारीले सामान्य जनताका शालिकदेखि मागअनुसार देवीदेवताको धेरै मूर्ति बनाएको आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ। उहाँले बनाएको बाघभैरवको मूर्ति अमेरिकाको कोलोराडोमा राखिएको छ।

नेपालका नदीनालामा चेप्टा, बाटुला, लाम्चा, बदामी विभिन्न प्रकारका ढुगा पाइन्छ। उत्तरबाट कालीगण्डकी र त्रिशूली नदीले बगाएर ल्याएका ढुंगा मात्र होइन चितवनको देवघाट क्षेत्रमा पनि प्रशस्त ढुंगा पाइन्छ, जुन मूर्तिकारका लागि आकर्षणको विषय हो। शालिग्रामसहित रंगीविरंगी ढुंगाका टुक्रा जताततै नदीको किनारमा छरपस्ट छरिएर रहेका छन्। तिनको सदुपयोग गर्नुपर्ने सुझाव उहाँले पुस्तकमा दिनुभएको छ।

उहाँको अनुभव छ, ढुंगा खोज्नु गाह्रो काम हो। ढुंगा खोज्नका लागि खोला, पहरो, ढुंगा झिक्ने खानी र सुरुङ्गमा जानुपर्ने हुन्छ।

आफूलाई चाहिएको आकार को ढुंगा मोल गरी किन्दा ठेकेदारले अत्यधिक रकम लिने गरेका छन्। कालो, नीलो, हरियोखालको ढुंगामा मूर्ति बनाउने चलन छ। यस्तो ढुंगा कीर्तिपुर र तीनथानातिर पाइन्छ। त्यस्तै मच्छेगाउँ, दक्षिणकालीको डुँडेचौरको ढुंगाखानी, हात्तीवन आदिमा रहेका ढुंगा पनि मूर्ति बनाउन प्रयोग हुन्छ।

पुस्तकमा मूर्तिकार भण्डारी लेख्नुहुन्छ, किराँतकाल, लिच्छविकाल, मल्लकालसहित विभिन्न युगमा राज्यले त्यसबेलाका मूर्तिकारलाई प्रोत्साहन दिएर मठ, मन्दिर र मूर्ति बनाउन लगाएका हुँदा अहिलेसम्म सो मूर्ति देख्न पाएका छौं।

त्यति पहिला राज्यले कलाबारेमा काम गरेको हुँदा सो क्षेत्रबाट अहिले महत्वपूर्ण कुरा पाएका छौं।

गौतमबुद्धजस्ता राम्रा विचारक तथा महान् पुरुषको मूर्ति जति बनाए पनि पुग्दैन। सकेको जति बनाउँदा कुनै न कुनै बेलामा अवश्य बिक्री हुन्छ। बुद्धका मूर्ति अरु मूर्तिको दाँजोमा धेरै बिक्री हुने गरेको उहाँको अनुभव छ।

पुस्तक पढेर नेपाली मूर्तिकलाको प्राचीन सभ्यता जान्न सकिन्छ। यसले नेपाली इतिहासलाई बाहिर ल्याउन मद्दत गर्नेमा दुईमत हुँदैन। मूर्तिकलाका क्षेत्रमा अभिरुचि राख्ने पाठकलाई मात्र होइन, भर्खरै मूर्तिकलाको क्षेत्रमा प्रवेश गर्ने जिज्ञासु कलाकारका लागि पनि कृति उपयोगी देखिन्छ। (रासस)






# राजनीति जस्तै साहित्य पनि वर्गीय हुने



कीर्तिपुर । जन साहित्य गोष्ठी कीर्तिपुर पाँगाको आयोजनामा चौंथो नेपालभाषा साहित्य सम्मेलन शनिबार पाँगामा सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले राजनीतिजस्तै साहित्य पनि वर्गीय हुने बताउनुभयो ।

उहाँले कामदार वर्गका जनताको हित र उत्थानका लागि लेखिने साहित्य मार्क्सवादी साहित्य हुने बताउँदै मार्क्सवादी साहित्यलाई अगाडि बढाउने यस्ता सम्मेलन अगाडि बढाउनुपर्छ भन्नुभयो । उहाँले सर्वदलीय बैठकमा प्रदेश प्रमुख र राजधानी तोक्न सरकारलाई सहमति दिएको र सरकारले त्यही अनुसार निर्णय गर्दा एमालेका नेता कार्यकर्ताहरु अराजनीतिक क्रियाकलापमा ओर्लनु उनीहरुको दोहोरो चरित्र हो भन्नुभयो । नेपाल क्रान्तिकारी सांस्कृतिक संघका केन्द्रीय अध्यक्ष एवं प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले क्रान्तिकारीहरुले लेख्न सुरु नगरेसम्म क्रान्तिकारी साहित्य नजन्मने चर्चा गर्दै साहित्य बहुमत शोषित पीडित जनताको मुक्तिका निम्ति हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा प्रा.डा. रामकृष्ण महर्जनले नेपालभाषा साहित्य सम्मेलनले नेवारी साहित्य विकास हुन्छ तर हामीले सवै भाषाभाषीको साहित्य विकास शिक्षा लिनुपर्ने बताउनुभयो । प्राचार्य नन्दकुमारी महर्जनले नेपालभाषा साहित्य सम्मेलन चौंथो पटक गर्नसक्नुमा शुभकामना व्यक्त गर्दै भाषा र साहित्यको विकासमा निरन्तर लागिरहनुपर्ने बताउनुभयो । जनगायक रामकृष्ण दुवालले संस्कृतिको उत्थान गर्न भाषा साहित्यका माध्यम उपयुक्त हुने बताउँदै दाफा भजनको साहित्यमा अनुसन्धान गर्नुपर्ने बताउनुभयो । स्थानीय ज्येष्ठ नागरिक एवं पुराना कम्युनिष्ट अगुवा इन्द्रमान महर्जनबाट पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन भएको कार्यक्रमको सभापतित्व लेखक एवं साहित्यकार रामचन्द्र महर्जनले गर्नुभएको थियो । कार्यक्रममा प्रतियोगी साहित्यको कविता विधातर्फ प्रथम रामशरण महर्जन (लिच्वया सवा), द्वितीय मदन श्रेष्ठ (देया दुनेनं मिच्याकिगु हे जुल), तृतीय नरमान महर्जन (गथे जुइन थ्व दे:) हुनुभएको थियो भने सुवर्ण महर्जन र विनिश्का महर्जनले सान्त्वना स्थान हासिल गर्नुभएको थियो ।कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्यद्वय सनकमान महर्जन, राजवीर डंगोल, नारायण महर्जन, हरिकुमार महर्जन लगायतले जनसाहित्यका विविध पक्षबारे चर्चा गर्नुभयो ।उहाँहरुलाई प्रमुख अतिथि सांसद प्रेम सुवालले पुरस्कार वितरण गर्नुभएको थियो ।

# मालिकाको उपन्यास सुवर्णलता विमोचित

काठमाडौं : मालिका केशरीद्वारा लिखित सुवर्णलताको सोमबार काठमाडौंमा विमोचन भएको छ । संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्त तथा प्राज्ञ गीता केशरीले संयुक्त रूपमा पुस्तक विमोचन गरेका थिए । पुस्तकमा नारीको वर्तमान अवस्था र विगतको तुलना गरिएको छ । बौद्ध दर्शनको बारेमा पुस्तकमा परिचर्चा गरिएको पाइन्छ । पुस्तकको बारेमा बोल्दै सरुभक्तले भने, 'नेपाली साहित्यमा युवा पुस्ताको प्रवेश आशालाग्दो तवरले भएको छ । आत्मैदेखिको चाहनाले उत्प्रेरित भएर लेखकले साहित्य सिर्जना गरेका छन् ।' उपन्यास नायिका प्रधान भएको चर्चा गर्दै उनले यस्ता कृतिबाट नेपाली साहित्यको भण्डार वृद्धि हुनेमा विश्वास व्यक्त गरे ।

प्राज्ञ गीता केशरीले उपन्यासको बारेमा समीक्षा गरेकी थिइन् । उनले बुद्ध वाणीमा आधारित यस्ता सिर्जना नेपाली साहित्यमा आवश्यक भएको बताइन् । साल्दाङमा बाटो खन्दा भेटिएकी नायिका सुवर्णलताबाट उपन्यासले नयाँ मोड लिन्छ । मिथकीकरण गरेर भए पनि बुद्ध उपदेशलाई स्थान दिएको भन्दै थप यस्ता रचना आउनेमा उनले आशा व्यक्त गरिन् ।

लेखक मालिका केशरीले हजुरआमाले बाल्यकालमा सुनाएका कथाबाट नै आफूमा लेखनकला विकास भएको विचार व्यक्त गरे । कार्यक्रममा लेखककै 'पुनरुत्थान' को दोस्रो संस्करणको पनि विमोचन गरिएको थियो । त्यस पुस्तकमा द्वन्द्वकालमा नेपाली समाजको अवस्था चित्रण गरिएको छ । तत्कालीन परिवेशमा सर्वसाधारण कसरी विद्रोही र सेनाको दोहोरो चेपुवामा परेका थिए भन्ने विस्तृत वर्णन गरिएको छ ।



# कीर्तिपुर दर्पण १५ औं बर्षमा प्रवेश

कीर्तिपुर पांगावाट २०६० सालदेखि निरन्तर रुपमा प्रकाशित हुदै आइरहेको कीर्तिपुर दर्पण साप्ताहिक पत्रिका १४ बर्ष पुरा भई १५ बर्षमा प्रवेश गरेको छ । गत माघ ४ गते जनसेवा माविको सितिसि हलमा एक कार्यक्रम गरि बर्षगाँठ मनाइयो । पत्रिकाका संस्थापक सम्पादक सरब कुमार महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जने जन्मदिनको बत्ति बाली उद्घाटन गर्नुभयो । उक्त अवसरमा विशेष अतिथि प्रा. डा. रामकृष्ण महर्जन र पत्रिकाका कानुनी सल्लाहकार सुजिन्द्र महर्जन र अन्य सल्लाहकारहरुको पनि उपस्थिति रहेको थियो । प्रमुख अतिथि मेयर रमेश महर्जनले आफ्नो मन्तब्य राख्ने क्रममा स्थानीय संचारगृहलाई आर्थिक सवलिकरण गर्न कीनपाले बजेको व्यवस्था गर्ने आश्वासन दिनु भयो ।
उक्त अवसरमा स्तम्भ लेखकहरु र विज्ञापन दाताहरुलाई सम्मान गर्दै प्रमाणपत्र र मायाको चिन्ह वितरण गरिएको थियो । सावित्रि महर्जनले संचालन गरेको देवराज महर्जनले स्वागत मन्तब्य र सभापति सरव कुमार महर्जनले धन्यवाद दिदै सभा विर्षजन गरिएको थियो ।


## सहर्ष जानकारीकोलागि

बाघ भैरव संचालित बाघ भैरव बैंक्वेट नगाउँ, कीर्तिपुर-९ मा विवाह, ब्रतबन्ध आदि शुभकार्य र सेमिनार गोष्ठी लगायतको लागि प्रशस्त पार्किंगको व्यवस्था भएको बाघभैरव बैंक्वेटलाई सम्झनुहोस ।



**बाघभैरब बैंक्वेट**

**सम्पर्क :**

**नविन श्रेष्ठ**
**पांगा पार्टी भेन्यू, पाँगा**

**महेश डंगोल**
**नगाउँ, कीर्तिपुर-९**



## अस्थायी क्यान्टीन राख्ने बारे

जनसेवा उच्च माविको भवन निर्माण कार्य भइरहेकोले क्यान्टीन बन्द भएको सूचना जारी गर्दै उक्त भवन नबनेसम्मको लागि अस्थायी रुपमा बास्केटबल कोर्टमा क्यान्टीन राख्न दिने भएकोले क्यान्टीन चलाउन इच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको एक हप्ता भित्रमा विद्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिएको छ ।

**जनसेवा माध्यामिक विद्यालय**

**इचाखेल, पांगा, की.न.पा ५**

**फोन नं.४३३१९८२, ४३३०८८०**

# नेपाली सेना र मध्य पश्चिमाञ्चल च्याम्पियन



**–प्रदिप महर्जन**

रुद्रपुर, रुपन्देहीस्थित गुराँस खेल मैदानमा भएको राखेप च्याम्पियनशिप अन्तर्गत तेस्रो राष्ट्रिय पुरुष तथा महिला खोखो पतियोगितामा प्रथम हुने पुरुष तर्फ नेपाली सेना, द्वितिय हुने सुदुर पश्चिमाञ्चल र तृतिय स्थान हासिल गर्ने मध्यमाञ्चलको खेलाडीहरु तथा महिला तर्फ प्रथम हुने मध्यपश्चिमाञ्चल, द्वितिय स्थान हासिल गर्ने सुदुर पश्चिमाञ्चल तथा तृतिय



स्थान हासिल गर्ने नेपाल सेनाका खेलाडीहरुलाई प्रमुख अतिथि प्रदेश नं. ५ का प्रदेश सभा सदस्य एवं भावी मुख्य मन्त्री शंकर पोखरेलले एक समारोहका बीच पुरस्कार वितरण गर्नुभयो।

सोही अवसरमा उत्कृष्ट चेजर पुरुष तर्फ नेपाली सेनाका श्याम बुढाथोकी उत्कृष्ट रनर सन्तोष बोहरा तथा महिला तर्फ उत्कृष्ट चेजर लक्ष्मी थापा मध्य पश्चिमाञ्चल र उत्कृष्ट रनर पूजा ओद सुदुर पश्चिमाञ्चललाई नगद रु.२५००/, प्रमाण पत्र र ट्रफी समेत वितरण गर्नुभयो। सोही अवसरमा भएको महिला तर्फको फाइनल खेलमा डिफेन्डिङ च्याम्पियन नेपाली सेनालाई सडेन डेठ/मिनिमम चेजको आधारमा खेलेर पाखा लगाउँदै फाइनलमा स्थान पक्का गरेको सुदुर पश्चिमाञ्चललाई मध्यपश्चिमाञ्चलले १०-८ को अन्तरले हराउँदै प्रथम स्थान पक्का गरेका थिए। तेस्रो स्थानको लागि भएको खेलमा नेपाली सेनाले मध्यमाञ्चललाई एक इनिङ सहित १३-२ अन्तरले हराउँदै तेस्रो स्थान हासिल गरेका थिए।

*साहित्य–गजल*

## जलनका दुईवटा गजल



**लोकेश जलन**

१.चल्दैन यो जिन्दगी यसरी चल्दैन।
अरुको इसारामा घरिघरि चल्दैन।

आमा र देश पनि छन् यो दिलमा,
ओ प्रियसि तिम्रो मनपरि चल्दैन।

गाउँमा केही गर्ने लक्ष्य त हो मेरो!
तर घर सात समुन्द्र नतरि चल्दैन।

साच्चै यो जमाना फेरिएको रहेछ!
प्रियेको गलालाई तिलहरि चल्दैन।

सोच्दि हौ तिमी याद गर्न छोड्यो,
गाउँमा छु इन्टरनेट राम्ररी चल्दैन।

२.जन्मिदै सडक घर आकाश छानो भो।
न ज्यान सुकिलो न कहिले न्यानो भो।

न बुहारीले देख्छे न यो छोरोले देख्छ!
ठाउ ( ठाउ फाट्यो कमिज पुरानो भो।

लाग्न त बर्खा लाग्यो दुबैको पिरतिमा,
दिल मेरो भिज्यो उनको ओभानो भो।

जब दुईचार पैसा कमाउन थाल्यो दाई,
भाउजुलाई आगन साँघुरो घर सानो भो।

# लाकुरे भञ्ज्यांग जाँदा



**रामभोला महर्जन**

आफ्नो स्वास्थ्य आफै बनाउँ अन्तरगत हरेक महिनाको दोस्रो हप्ताको शनिवार कुनै एक नौलो ठाउँमा घुम्न (हाइकिङ) जाने अन्तरगत गत पौष १५ गते लाकुरे भञ्ज्यांगमा जाने तरखरमा विहान उठ्ने बितिक्कै हतार भइरहेको थियो। विान ७ बजे पाँगामा उपस्थित हुनु पर्ने भनेर हिजै खबर गराएको थियो। ढिलो भयोभने साथीहरु हिंडिसक्छ आफू पछि पर्ने मात्र होइन बसै छुट्ने डर पनि उत्तिकै छ, त्यसकारण विहान सवेरै ५ बजे नै उठेर नित्यकर्म गरी आउँदा ६ बजिसकेछ। छिटो छिटो लुगा लगाएर आफूलाई चाहिने सामान टोपी, पन्जा र दिउँसो खानको लागि फलफूल पानी हिजै किनेको झोला भित्र राखी झोला बोकी मोबाईलतिर यसो के हेरेको थिएँ फोन आइहाल्यो। कसको भनि यसो हेरेको साथी मधुको फोन आएको रहेछ। उसलाई यो बेलामा पनि फुर्सद भएन र अर्को महिनामा आउने वाचा गरेछ।

मानिसहरु आजकल के साह्रो विजि भएको रहेछ। एक महिनामा एक दिन आफ्नो स्वास्थ्यको लागि छुट्याउन नसकिने भइसक्यो। कति काम काम भनेर जोतिरहने? त्यसकारणले होला मानिसहरु आज भोली आफूलाई थाहा नै नपाई डाइवितिज, हाई प्रेसर हुने होला। अनि जिन्दगीभर औषधी आइरहनु पर्ने झन्झट आइलाग्छ। समयमा नै आहार विहार विचार गर्न सकेको खण्डमा यस्तो रोग लाग्नबाट बच्न त सक्ला भन्ने विचार गरि घरबाट निस्कने तरखर गरेर हाइकिङ नै जाने भनेपछि स्पोर्ट जुत्ता अलि बलियो र नचिप्लिने लगाएर घरबाट बाहिर निस्कें र बाटोमा यसो मोबाईल हेरेको त ६:४५ बजिसकेको रहेछ। छिटो छिटो पाँगा दाबाटोतिर लागें। जब म पाँगा दोबाटो पुगी हाम्रो टिम लिडर अशोकलाई भेटें। अनि साथीभाईहरु खोज्न थालें। तिन चार जना वाहेक अरु साथीहरुलाई नदेखेपछि अचम्म मानी टिम लिडर अशोकलाई सोधें, "खोई त अरु साथीहरु?" आउँदै होला भने। यसपाली हामी १५,१६ जना जति हुन्छ होला। ठिकै छ भनि साथीहरुलाई पर्खिन थालें। विस्तारै साथीहरु आउँदै गरे। यस विचमा हामीले रिजर्भ गरेको हायस बस पनि आइपुग्यो। आउने बितिक्कै ड्राइबर कराउन थाल्यो, "तपाईंहरुको साथीहरु, छिटो बोलाउनुस, जान ढिला भयो भने फर्कन पनि ढिलो हुन्छ।

नेपालीहरु कुनै पनि बेला कुनै पनि ठाउँमा समयमा पुग्ने वानी नै छैन। बोलाएको समयको ठिक एक घण्टा ढिलो पुग्ने बानी नै भइसक्यो। त्यसकारण देश विकाशको काम पनि ढिलो भइरहेको हो की? साथीहरु कुर्दा कुर्दै ७:४५ सम्ममा जाने साथीहरु सबै आईपुग्यो र तुरुन्तै हाइस गुद्न थाल्यो।

# बुंगमतीमा कुमारी परिर्वतन

ऐतिहासिक वस्ती वुंगमतीमा गत शनिवार कुमारी परिवर्तण गरिएको छ। किन्जल बज्राचार्य र अव कुमारी भएका क्रिपा बज्राचार्य हुन। क्रिपा बज्राचार्य किन्जल बज्राचार्यका बहीनी हुन।



भर्ना खुल्यो! भर्ना खुल्यो!!

यस हिलटाउन स्कूलमा नयाँ शैक्षिक सत्र २०७५ को लागि प्ले-ग्रुप (P.G) मा नयाँ भर्ना खुल्यो।
तुरुन्त सम्पर्क राख्नुहोला।

Light over Shade

फोन नं.
४३३१७३९, ४३३१४०७



# हार्दिक श्रद्धाञ्जली



जन्म मिति : २००० बैशाख १५ गते



स्वर्गारोहणः २०७४/०९/२७





## स्व. नाती महर्जन

हाम्रा आत्मिय मित्र सतिश महर्जनका पुजनिय बुबा, बहुमुखी प्रतिभाशाली साहित्यकार, नाटककार तथा समाजसेवी **नाती महर्जन (पाकः)** द्यःचपा, पाँगाको आकस्मिक र असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनि फ्रेण्डसिप डेभलपमेण्ट फण्ड परिवार (ढोकासी) हार्दिक समवेदना प्रकट गर्दछ ।

श्रद्धाञ्जली अर्पण गर्नेहरू

१. भुवन महर्जन
२. चन्दन महर्जन
३. बुद्धिवहादुर महर्जन
४. हरिकृष्ण नकर्मी
५. राजेन्द्र महर्जन
६. अशोक महर्जन
७. पुरुषोतम महर्जन
८. परमेश्वर महर्जन
९. उपेन्द्र महर्जन
१०. भुपेन्द्र श्रेष्ठ
११. मदन महर्जन
१२. गंगाराम महर्जन
१३. हरि कार्की
१४. नरेश महर्जन
१५. सजिव महर्जन
१६. राजेन्द्र महर्जन
१७. श्री डंगोल
१८. शंकर मान
१९. मिदेश महर्जन
२०. दुर्गालाल महर्जन
२१. इश्वरलाल महर्जन
२२. प्रमोद महर्जन
२३. निर्मल महर्जन
२४. मनदेवी महर्जन
२५. सोनिया महर्जन
२६. अमरा महर्जन
२७. शर्मिला महर्जन 'क'
२८. शर्मिला महर्जन 'क'
२९. महालक्ष्मी महर्जन
३०. सावित्री महर्जन
३१. गंगा महर्जन
३२. नानी छोरी महर्जन
३३. दिलशोभा महर्जन
३४. कृष्ण कुमारी महर्जन
३५. अञ्जली महर्जन
३६. नानु महर्जन

**फ्रेण्डशीप डेभलपमेण्ट फण्ड परिवार (ढोकासी, पाँगा)**



# हार्दिक समवेदना





जन्म: वि.सं.
२०३१ साल
मंसिर



स्वार्गारोहण
२०७४/९/२४



**स्व. बाबुराजा महर्जन**

हाम्रा आत्मिय साथी **बाबुराजा महर्जन**को गत पौष २४ गते ४३ वर्षको कलियो उमेरमै असामयिक स्वार्गारोहण भएकोले उहाँको चीर शान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं।

नरेश्वर महर्जन– नानीशोभा महर्जन
आजाद कुमार महर्जन– लक्ष्मी महर्जन
नरेन्द्र श्रेष्ठ– सुजाता श्रेष्ठ
सुरेश महर्जन– पूजा महर्जन
मखनलाल महर्जन– रुपा महर्जन
सुरज महर्जन – रेणु महर्जन
अशोक महर्जन – सुनिता महर्जन
रबिन्द्र महर्जन – सीता महर्जन
राजेश महर्जन – सम्झना महर्जन
जयकृष्ण महर्जन – देवकुमारी महर्जन
चन्द्रलाल महर्जन – रुपा महर्जन
श्रीडंगोल महर्जन –सानु महर्जन
कबिन्द्र शाही – शर्मिला शाही

# चेज बूदिंया भिंतुना म्ये कासा सम्पन्न: माघ २० गते कार्यक्रम

पौष १ गतदेखि देखि शुरु भएको चेज बूदिंया भिंतुना म्ये कासा (कभर गीत प्रतियोगिता) मा सोमबार राति १२ बजेसम्म १२१ प्रतिस्पर्धीले गीत पोष्ट गरी प्रतियोगितामा सहकभागी भएका छन् । पेजश्री नेपालभाषा पाक्षिकको आयोजनामा गायक तथा रचनाकार सुरजवीर बज्राचार्यको नेपालभाषाको जन्मदिनको शुभकामना गीत 'बूदिंया भिंतुना' को कभर प्रतियोगितामा सर्वोत्कृट प्रतियोगीका लागि २४ इन्चको चेज लिड टेलिभिजन प्रदान गरिनुका साथै १ वटा गीत रेकर्डिङ्गको पुरस्कार प्रदान गरिनेछ भने उत्कृष्ट ५ मा पर्न सफल अन्य ४ गायक गायिकाहरुका लागि समेत नेपालभाषाको गीत रेकर्डिङ्गको पुरस्कार प्रदान गरिनेछ । निर्धाति अवधिसम्म फेसबुकमा सबैभन्दा बढी हेरिएको कभर गीतलाई २४ इन्चको चेज लिड टेलिभिजन पुरस्कार प्रदान गरिनेछ ।

७७,८१७ भ्यूजका साथ गायिका सुमन मानन्धरले प्रथम स्थान हासिल गरेका छन् भने यही अवधिसम्म भ्यूजका आधारमा टप ६ मा सजेना चित्रकार (७ बर्ष) को गीत ५७,४९९ पटक हेरिएको छ । यसरी नै मन्जिल शाक्यको भिडियो ४८,०९९ पटक हेरिएको छ भने राजु बज्राचार्य (दथुलँ) ले गाउनु भएको गीत ४४७३१, अमोघवीर बज्राचार्ययको ४०९५१ छ भने विधान तुलाधर (१० बर्ष) को गीतको भ्यूज ३२,२६९ रहेको छ। मंगलधूनको लयमा निर्माण भएको बूदिंया भिंतुना (नेपालभाषाको जन्मदिनको शुभकामना गीत) लोकप्रिय संगीतकार एवं संगीत संयोजक जुगल डंगोलको संगीत संयोजनमा सार्वजनिक भएको हो । यो गीतको कभर गायक गायिकाहरु मध्येबाट उत्कृष्ट ५ को छनौट भने निर्णायक समूहले गर्नेछ ।

उत्कृष्ट ५ का लागि गायक तथा रचनाकार बज्राचार्यको शब्द र संगीतकार जुगल डंगोलको संगीतमा नेपालभाषाको गीत रेकर्डिङ आर्टोम्यूज रेकर्डिङ स्टुडियोले गरीदिनेछ। जन्मदिन संस्कृतिमा अन्य भाषा र संस्कृतिको प्रभाव हटाउने तथा नेपालभाषाको सांगीतिक क्षेत्रमा नयाँ गायक गायिकाहरुको आगमन सहज बनाउने उद्देश्यले आयोजना गरिएको यस प्रतियोगितामा उत्कृष्ट ५ को घोषणा कार्यक्रमका बारे पछि जानकारी गराउने आयोजकले जनाएको छ। पहिलो कार्यक्रमका रूपमा भने यही माघ २० गते विहान ८ बजे नेपाः बैंक्वैट, खुसिबुं, नयाँबजारमा प्रतिस्पर्धी भेटघाट, प्रमाणपत्र वितरण तथा पत्रकार सम्मेलनको आयोजना गर्ने उल्लेख गरेको छ।

## को को थिए सहभागी ?




यस प्रतियोगितामा सहभागीहरु सजगता मानन्धर (५ बर्ष), सुविन्या डंगोल (५ बर्ष), सार्थक नकःमि (६ बर्ष), दिक्षा शाक्य (६ बर्ष) , तिमिलाजः महर्जन (६ बर्ष), सजेना चित्रकार (७ बर्ष) लुँस्वां मानन्धर (७ बर्ष(, आलोक महर्जन (८ बर्ष), सरिना श्रेष्ठ (८ बर्ष), अनुष्का महर्जन (८ बर्ष), देशना देशार (८ बर्ष), प्रतिज्ञा बज्राचार्य (९ बर्ष), प्रतिष्ठा बज्राचार्य (९ बर्ष), रक्षा महर्जन (९ बर्ष), इशिका महर्जन (९ बर्ष), आकृति महर्जन (९ बर्ष), आकृति (झल्झली) महर्जन (९ बर्ष), बिधान तुलाधर (१० बर्ष), सचेतना मानन्धर (१३ बर्ष), रबिनसन कसाः, अमोघबीर बज्राचार्य, भुपेन शाक्य, बन्धुदत्त बज्राचार्य, चन्द्र देबी शाक्य, बीरेन्द्र मान शाक्य, विनय राजोपाध्याय, हेम रत्न शाक्य, चिधिबाबु शाक्य, ज्याक महर्जन, किर्तिसुदन जोशी, निरोज महर्जन, मन्जिल शाक्य, प्रतिमा बज्राचार्य, पुष्परत्न बज्राचार्य, राजिव योगल श्रेष्ठ, रमेश महर्जन, रत्नसम्भव शाक्य, रत्नशोभा बज्राचार्य, ताराराम मुनकर्मी, सुरेन्द्रराज बज्राचार्य, राजु बज्राचार्य, सुमन मानन्धर, सुबि श्रेष्ठ, रमा महर्जन, लोकराज बज्राचार्य, रुपा श्रेष्ठ न्यांछ्यों, सबिन डंगोल, बिगेन तुलाधर, न्युइरा बज्राचार्य, सेटिस्फाई महर्जन, ज्ञानेन्द्र राज बज्राचार्य, बिपिन शाक्य, रेश्मा शाक्य, लजना मानन्धर, राजेन्द्र बज्राचार्य, बिजय कुमार श्रेष्ठ, दिपेश महर्जन, अमिता महर्जन 'लूमिला', ऋतु तण्डुकार रोविनशन, राजु बज्राचार्य ( दथुलं शंखमुल), श्रीजना शाक्य, सबना बज्राचार्य, शुशिला मानन्धर, मिनर्वा राजोपाध्याय, पुष्प राज शाक्य, पुष्प मानन्धर, दया बज्राचार्य, शारदा श्रेष्ठ, सिद मानन्धर, जयन्द्र ताम्राकार, सन्जिव शाक्य, रेइना महर्जन, हरिकृष्ण महर्जन, तोषण शाक्य, नदिम शाक्य, रोशन श्रेष्ठ, प्राप्ति मानन्धर, शर्मिला शर्मा राजोपाध्याय, अनिल तुलाधर, राजेश्वरी राजोपाध्याय, मणिका शर्मा राजोपाध्याय, उजं शाक्य, कल्पना श्रेष्ठ, रमिता बज्राचार्य, उत्तम महर्जन, मैयाँ बज्राचार्य, पारस बज्राचार्य, कुशुम शाक्य, वीरेन्द्र बज्राचार्य, रिया (सजना) शाक्य, विश्वराज लवट, रेश्मा शाक्य (हःखा, यल), गीता सिख्राकार, मुकेश शाक्य, कृष्ण महर्जन, निर्मला शाक्य, प्रविन शाक्य, गंगादेवी महर्जन, नविन थेच्वमि, सुदीज बज्राचार्य, उजय शाही, रोजी बज्राचार्य, अनिषा श्रेष्ठ, किरण चित्रकार, पूर्णकुमार अवाले, आशाराम महर्जन, रत्नमान महर्जन, भूवनराज शाक्य, शुशिला श्रेष्ठ, निशान्त श्रेष्ठ, बिन्दुलाल जोशी, रमा बज्राचार्य, निर्मल महर्जन, प्रदिप बज्राचार्य, केशरी बज्राचार्य, न्हुच्छेराज शाक्य, पूर्ण शाक्य, सुमित्रा महर्जन, राजु शाक्य, परमेश मल्ल, राजेश महर्जन सहभागी छन् ।

प्रतियोगीहरुको समूहमा १९ बालबालिकाहरु सहभागी छन् भने प्रतिस्पर्धामा समावेश नभएको ३ बर्षीय अपूर्व शर्मा राजोपाध्यायायले पनि यो गीत गाएर सबैलाई अच्चमित पारेका छन् । देश विदेशबाट सहभागिता रहेको यस प्रतिस्पर्धामा नेपालभाषा बोल्ने नजान्ने प्रतिस्पर्धीहरुको उत्साहजनक सहभागिता पनि सफलताका रुपमा चर्चा भइरहेको छ।

# हार्दिक समवेदना

जन्म:
वि.सं.२०३०/१२ ३०



स्वर्गारोहण
वि. सं.
२०७४/१०/०२

**स्व. अम्बिका श्रेष्ठ**

२०५४ सालको स्थानिय निकायको चुनावमा कीर्तिपुर नगरपालिका साविक वडा नं. ९ (हाल वडा नं.८) बाट महिला सदस्यमा निर्वाचित पाँगा लाछि निवासी अम्बिका श्रेष्ठको गत माघ २ गते अल्पायुमै असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी समवेदना व्यक्त गर्दछौं ।

विनोद महर्जन वडाध्यक्ष्य की.न.पा. वडा नं. ८

नससहरु : राजेश महर्जन, नरेन्द्र श्रेष्ठ, सानुमैंया महर्जन र सरस्वति परियार

की.न.पा. वडा नं.८ वडा समिति परिवार

# डबल अफर

हामीकहाँबाट तपाईंले जति तौलको सुन किन्नु हुन्छ त्यसको डबल तौलको काँचो चाँदी लिएर जानु होला । यो सिमित अवधिको लागि मात्र माघ मसान्त सम्म




## पद्मिनी ज्वेलर्स प्रा.लि.

तगःवपि, कीर्तिपुर - ९,

फोन नं. ०१-४३३१०४६ ९८०२०१३७८०